२०८०/०८/२५

आज मिति २०८०/०८/२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिल:

| पदाधिकारीको नाम,थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | Buddhi |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री विजय भट्टराई | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

| | | |
|---|---|---|
| अन्य उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री नोल बहादुर थापा | अधिकृत छैठौं | |
| श्री लाल चन गैहे | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | स्वकीय सचिव | |
| श्री राजिव घिमिरे | सूचना प्र. अधिकृत | |

<u>बैठकका एजेण्डा</u>

१. गत बैठकको समिक्षा ।
२. नेपाली सेना श्री समर्जित गुल्म र हरिनास गाउँपालिकाको संयुक्त सहकार्यमा निर्माण सम्पन्न हेलिप्याड हस्तान्तरण कार्यक्रम सम्बन्धमा ।
३. राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सम्बन्धमा ।
४. कृषि कार्यक्रम अन्तर्गत माटो परिक्षण प्रयोगशाला स्थापना, वाली उपचार शिविर,करेसावारी सुधार तथा व्यवस्थापन ५०%अनुदान कार्यक्रम ,
५. पशुसेवा कार्यक्रम औषधी खरिदको लागि रकम प्रदान, डालेघास तथा भुइँ घासको बिउ बेर्ना वितरण, अति विपन्न परिवारलाई बंगुरको पाठापाठी तथा कुखुराको चल्ला वितरण
६. दग्दी कुलुंग खोला दोभान वडाहर भन्ज्यांगकिहुँ ग्रामिण सडक स्तारउन्नती तथा कालोपत्रे Part २ contact id HRS-W-NCB-RR-012-78-79)को म्याद थप सम्बन्धमा
७. विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट बिनियोजन सम्बन्धमा ।
८. आव.२०७९/०८०को प्रारम्भिक लेखा परिक्षण प्रतिबेदन सम्बन्धमा ।
९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्देशन सुझाव सम्बन्धमा ।
१०.लघु उद्यम बिकास कार्यक्रमको लागि वडा छनौट सम्बन्धमा ।
११.सडक बोर्ड नेपाल अन्तर्गत सडक मर्मत लागि कार्यक्रम स्वीकृत सम्बन्धमा ।
१२.चिसापानी अस्पताल सम्बन्धमा ।
१३.विर्तावगर पुलको डीपीआर सम्बन्धमा ।
१४.स्थानीय मंदिरालाई ब्रान्डीड सम्बन्धमा
१५.कर्मचारीको कार्य क्षेत्र परिवर्तन सम्बन्धमा ।
१६.अन्य विविध सम्बन्धमा ।क.

<u>निर्णयहरु</u>

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा हरिनास गाउँपालिका वडा ४स्थित चुली डाँडामा नपाली सेना समर्जित गुल्म र हरिनास गाउँपालिकाको सयुक्त सहकार्यमा निर्माण सम्पन्न भएको हेली प्याड नपाली सेनाबाट हरिनास हरिनास गाउँपालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम मिति २०८०/०८/१० गते हेली प्याड निर्माण स्थलमा एक औपचारिक कार्यक्रम आयोजना गर्ने गरी यस अगाडिको बैठक बाट निर्णय भएकोमा बिविध कारण वस सो कार्यक्रम हुन् नसकेकोमा सो कार्यक्रम मिति २०८०/८/२९ गते सम्पन्न गर्नेगरी नपाली सेना समर्जित गुल्मसंग समन्वय गरी सम्पन्न गर्ने र सो कार्यक्रममा स्थानीय तहका निर्वाचित प्रतिनिधी ज्यु स्थानीय राजनीतिक दलका प्रमुख एवम प्रतिनिधि ज्यु स्थानीय संघ संस्थाका प्रतिनिधिज्युलाई आमन्त्रण गरी कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा चालु आर्थिक वर्षमा नेपाल सरकारबाट शसर्त अनुदानको रुपमा राष्ट्रपति रनिंग शिल्ड कार्यक्रम संचालन गर्नकोरु १०००००एक लाख मात्र बजेट प्राप्त भएको र सो कार्यक्रम यही महिना भित्रमा सम्पन्न गराई जिल्ला स्तरमा संचालनहुने प्रतियोगितामा सहभागी गराउनको लागि जिल्ला खेलकुद समितीबाट समेत अनुरोध भइ आएको हुदा यस पालिकास्तरीय कार्यक्रम व्यवस्थापन तथा निर्देशन समितिको २०८०/८/२० गतेको निर्णय तथा मिति २०८०/८/२० गते यस पालिका भित्रका विद्यालयका प्र.अ. ज्युको बैठकको सिफारिस अनुसार उक्त प्रतियोगिता मिति २०८०/०८/२८ -३० गते सम्म मातृभूमि मावी चित्रे भन्ज्यांग स्याङ्जाको व्यवस्थापनमा संचालन गर्न सिफारिस भए अनुसार र नै संचालन गर्ने सो कार्यक्रमको लागि सो मातृभूमि मावीबाट प्रतियोगिता संचालनको लागि पेश हुन् आएको प्रस्तावमा ४२५००० चार लाख पच्चीस हजार मध्ये रु ३२५००० तिन लाख पच्चीस हजार गाउँपालिकाको शैक्षिक कार्यक्रम शीर्षकबाट रकम भुक्तानी दिने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा आव २०८०/८१ मा कृषि तथा पशु कार्यक्रमको लागि विनियोजित रकमबाट यस गाउँपालिकामा माटो परिक्षण प्रयोगशाला स्थापनाको लागि रु ५०००००|पांचलाख मात्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ७ माथी छलफल गर्दा आव २०८०/८१ मा कृषि तथा पशु कार्यक्रमको लागि विनियोजित रकमबाट यस गाउँपालिकामा गाउँकार्यपालिकाको कार्यालय पशु सेवा शाखाबाट निशुल्क वितरण प्रयोजनार्थ औषधी खरिदको लागि लागि रु ५०००००|पांच लाखमात्र .प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं १० माथी छलफल गर्दा आव २०७८/७९ मा यस गाउँपालिका वडा ६ र ७ मा निर्माणाधिन दग्दी कुलुंग खोला दोभान वडाहर भन्ज्यांगकिहुँ ग्रामिण सडक स्तारउन्नती तथा कालोपत्रे Part२ contact id HRS-W-NCB-RR-012-78-79) को कार्य अगाडी वढी रहेको र उक्त सडक निर्माणकर्ता पराजुली कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८०/७/१५ गतेको पत्रबाट म्याद थपको लागि माग निबेदन पेश भएको र उक्त योजनाको सम्बन्धमा हरिनास गाउँपालिका प्राबिधिक शाखाबाट सो योजनाको काम करिव ५३ ५कार्य प्रगती भएको र भौतिक निर्माणका कार्यहरु तीव्र गतिमा भरहेको मा,बर्षातको कारण आषाढ देखि असोज महिना सम्म निर्माण स्थलमा जना नसकेको अत्यधिक मुल्य बृदिको कारण सामान उपलब्ध नभएको कारण निर्माण कार्यमा बाधा पुगेको भनि निबेदन पेश भएको

CS CamScanner

र अब बाँकी कामको लागि मिति २०८०/८/१० गतेदेखि १८० दिन (६ महिना ) सम्मको लागि म्याद थप गर्न माग भए बमोजिम आगामी ४ महिना (२०८०/१२/०९ गते) सम्मको लागि सार्वजनिक खरिद ऐन २०६३ दफा ५६ र सार्वजनिक खरिद नियामावली २०६४ (संशोधन समेत)को नियम १२० बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ११ माथी छलफल गर्दा आव २०८०/८१ मा संचालन हुनेगरी देहायका योजना तथा कार्यक्रमको लागि देहाय बमोजिमका शीर्षकबाट रकम प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| क्रस | योजना तथा कार्यक्रमको नाम | संचालन स्थान | रकम | बजेट स्रोत शीर्षक |
|---|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयम् सेविका दिवस २०८० | हरिनास गापा अन्तर्गतका स्वास्थ्य चौकी | १००००दश हजार मात्र | बिबिध कार्यक्रम शीर्षक |
| २ | अन्तर माबी हाजिरी जवाफ प्रतियोगिता २०८० | मातृभूमि माबी | ५००००पचास हजार | शैक्षिक कार्यक्रम |
| ३ | अन्तर माबी तिज नृत्य प्रतियोगिता २०८० | मातृभूमि माबी | ६०००० साठीहजार | शैक्षिक कार्यक्रम |
| ४ | भिमाद एफ एम लाई मेडिया पार्टनर को रुपमा काम गर्ने गरि | | २५०००पच्चीस हजार | |
| ५ | टोप्पाकुलो सिचाई | हरिनास ६ | ६००००साठीहजार | कृषि तथा पशु |
| ६ | जगनथानखानेपानी योजना | हरिनास ६ | ८०००००आठ लाख | खानेपानी |
| ७ | कालिका आमा समुह फर्निचर तथा सामग्री व्यवस्थापन हरिनास ४ सिरौले | हरिनास ४ | १०००००एक लाख | जनता संग अध्यक्ष |

निर्णय नं ८ प्रस्ताव नं ८ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको आव २०७९/८० को अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालय काठमान्डौबाट २०८०, भाद्र महिनामा संचालन भएकोमा हाल प्रारम्भिक लेखा परिक्षण प्रतिबेदन प्राप्त भएको हुदा सो प्रतिबेदन उपर छलफल गरियो । साथै उक्त प्रतिबेदनले औल्याएका सुझावलाई पालना गर्ने निर्णय गरियो ।

निर्णय नं ९ प्रस्ताव नं ९ माथी छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम कारवाहीलाई मध्ये नजर गर्दै प्रदान गरिएको २२ बुंदे सुझावलाई पालना गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं १० प्रस्ताव नं १० माथी छलफल गर्दा यस गाउँपालिकामा उद्योग मन्त्रालय मार्फत लघु उद्यम बिकास कार्यक्रम वडा ३ मा विस्तार गर्ने गरि निर्णय गरियो ।

CamScanner

निर्णय नं ११ प्रस्ताव नं ११ माथी छलफल गर्दा यस गाउँपालिकामा सडक बोर्ड नेपालको मिति २०८०/८/१को पत्रानुसार चालु आवमा स्थानीय सडक मर्मत सम्भार अन्तर्गत ब.उ.सि.नं.३३७३१०११३ मार्फत स्थानीय तहको साझेदारीमा समपुरक कोष अन्तर्गत रु १८०००००अठार लाख बराबरको रकम स्थानीय सडक बोर्ड नियामावली अनुसार साझेदारीको लागि प्रस्ताव भई आएकोमा दग्दी देखि स्वास्थ्य चौकी मोटर बाटोलाई प्रस्ताव गरि पठाउने निर्णय गरियो ।

निर्णय नं १२ प्रस्ताव नं १२ माथी छलफल गर्दा यस गाउँपालिका वडा ३ मा निर्माणको क्रममा रहेको चिसापानी अस्पताल भवनको सम्बन्धमा निर्माण व्यवसायी र कार्यालयको बिचमा छलफल परामर्श गरि कार्य सुचारु गराउन र अवश्यकता अनुसार *भेरियसन आदेश* (V.O) मा जानको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौ संग आवश्यक समन्वय गरी अगाडी बढ्न पालिका अध्यक्ष ज्युको नेतृव सहितको टोलि काठमाण्डौ जाने र अवश्यकता बमोजिमको कार्य अगाडी बढाउन प्राविधिक शाखा लाई अनुमति दिने निर्णय गरियो ।

निर्णय नं १३ प्रस्ताव नं १३ माथी छलफल गर्दा हरिनास गाउँपालिका वडा न.६ स्थित बिर्तावगर पुल निर्माणको लागि बिस्तृत परियोजना प्रतिबेदन DPR तयार गरि अगाडी बढने र अवश्यक रकम निर्णय गरियो ।

निर्णय नं १४ प्रस्ताव नं १४ माथी छलफल गर्दा हरिनास गाउँपालिका भित्र उत्पादन्हुने स्थानीय मदिरालाई कानुनि प्रक्रिया पुर्याई स्थानीय ब्राण्ड गर्ने तर्फ थप छलफल तथा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं १५ प्रस्ताव नं १५ माथी छलफल गर्दा हरिनास गाउँपालिका भित्र जनतासंग अध्यक्ष कार्यक्रम मार्फत सम्झौता भइ कार्यन्वयनमा गएका निम्न बमोजिमका योजना तथा कार्यक्रमलाई अनुमोदन/समर्थन गर्ने निर्णय गरियो ।

तपशिल

| क्रस | योजना तथा कार्यक्रमको नाम | संचालन स्थान | रकम | बजेट स्रोत शीर्षक |
|---|---|---|---|---|
| १ | सरन डाँडा गोरेटो बाटो | हरिनास ६ | २७५०००दुइ लाख पचहत्तर मात्र | जनता संग अध्यक्ष |
| २ | राम्चे रोधी धरमपानी मो.बा. | हरिनास ४ | १५००००एक लाख पचास हजार मात्र | जनता संग अध्यक्ष |
| ३ | नया वस्ती देउराली समुह | हरिनास ५ | २०००००दुइ लाख मात्र | जनता संग अध्यक्ष |
| ४ | हलेसी गोरेटो बाटो | हरिनास ६ | १०००००एक लाख | जनता संग अध्यक्ष |
| ५ | गिरेकोट क्याक्मी ढलव्यवस्थापन | हरिनास ४,६ | १००००००दश लाख | जनता संग अध्यक्ष |